# विद्यालय समायोजन तथा शिक्षक/कर्मचारी दरबन्दी मिलान कार्यविधि ,२०८१

## प्यूठान नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## बिजुवार,प्यूठान

## “विद्यालय समायोजन तथा शिक्षक/कर्मचारी दरबन्दी मिलानकार्यविधि २०८१”

प्रमाणीकरण मिति:

प्यूठान नगरपालिका भित्र रहेका विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षक विद्यार्थी अनुपात तथा कक्षागत रुपमा शिक्षकको व्यवस्था गर्न बाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ९ ज ले दिएको अधिकार बमोजिम प्यूठान नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

**परिच्छेद -१**

**प्रारम्भिकः**

१.संक्षिप्त नाम र प्रारम्भः

क.यस कार्यविधिको नाम “विद्यालय समायोजन तथा शिक्षक/कर्मचारी दरबन्दी मिलान कार्यविधि २०८१”रहेकोछ।

ख. यो कार्यविधि प्यूठान नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ।

२. परिभाषाःविषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क."नगरपालिका" भन्नाले प्यूठान नगरपालिकालाई सम्झनु पर्दछ।

ख."कार्यपालिका" भन्नाले प्यूठान नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ग.“प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्यूठान नगरपालिकाको प्रमुख प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

घ."शिक्षाप्रमुख" भन्नालेप्यूठान नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखाकोप्रमुखलाई सम्झनु पर्दछ ।

ङ.“विद्यालय”भन्नाले सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ।

च. ‘‘शिक्षा समिति’’ भन्नाले प्यूठान नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्दछ।

छ."दरबन्दी’’ भन्नाले नेपाल सरकारद्वारा स्वीकृत शिक्षक दरबन्दी सम्झनु पर्दछ।

ज. "राहत" भन्नाले नेपालसरकारबाटप्राप्त राहत शिक्षकअनुदानकोटासम्झनु पर्दछ।

झ."नगरपालिका अनुदान शिक्षक" भन्नाले प्यूठान नगरपालिकाको आन्तरिक श्रोतबाट तलब भत्ता खाने गरी नियुक्त शिक्षक सम्झनु पर्दछ।

ञ."शिक्षण सहयोग अनुदान शिक्षक" भन्नाले नेपाल सरकारबाट प्राप्त अङ्ग्रेजी,गणित ,विज्ञान शिक्षण सहयोग अनुदान शिक्षक सम्झनुपर्छ ।

ट.‘‘विद्यालयक र्मचारी’’ भन्नाले सामुदायिक विद्यालयमा कार्यरत सहयोगी कर्मचारी र सहायक कर्मचारीलाई बुझ्नु पर्दछ।

## परिच्छेद -२

**विद्यालयको तह मिलानका आधारहरूः**

३. विद्यालयको तह मिलान सम्बन्धी व्यवस्था:

क.विद्यालयको तह मिलान गर्दा चालु शैक्षिक सत्रको शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (IEMIS) को विद्यार्थी सङ्ख्यालाई सम्बन्धित विद्यालयमा रहेका विद्यार्थी संख्याको रुपमा लिईनेछ ।

ख.विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी, करार, राहत अनुदान, शिक्षण सहयोग अनुदान, नगरपालिका अनुदान शिक्षक तथा प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताहरुको संख्यात्मक विवरण तयार पारिनेछ।

ग. प्रत्येक सामूदायिक विद्यालयमा एउटा प्रारम्भिक बालविकास केन्द्रको ब्यवस्था गरिनेछ ।हाल बालविकास केन्द्र नरहेको विद्यालयमा समूदायमा रहेका बालविकास केन्द्र मध्ये भुगोलको आधारमा आवश्यकता नरहेको वा न्यून विद्यार्थी संख्या रहेका प्रारम्भिक बालविकास केन्द्रलाई विद्यालयमा स्थानान्तरण गरिनेछ ।

घ. सामुदायिक विद्यालयहरुमा देहाय बमोजिम कक्षा सञ्चालन गरिनेछ ।

अ. प्रारम्भिक बालविकास देखि कक्षा १ सम्म

आ.प्रारम्भिक बालविकास देखि कक्षा ३ सम्म

इ.प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म

ई.प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्म

उ.प्रारम्भिक बालविकास देखि कक्षा १० सम्म

ऊ.प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म

ङ. विद्यालयमा रहने न्यूनतम विद्यार्थी संख्या देहाय बमोजिम कायम गरिनेछ :

अ. प्रारम्भिक बालविकास केन्द्रमा कम्तिमा ५ जना विद्यार्थीहरु हुनुपर्नेछ ।

आ. कक्षा १ कायम रहने विद्यालयमा कक्षा १ मा कम्तिमा १० जना विद्यार्थीहरु हुनु पर्नेछ ।

इ. कक्षा १-३ कायम रहने विद्यालयमा कक्षा १-३ मा कम्तिमा ३० जना विद्यार्थीहरु हुनु पर्नेछ ।

ई. कक्षा १-५ कायम रहने विद्यालयमा कक्षा ४-५ मा कम्तिमा २० जना विद्यार्थीहरु हुनु पर्नेछ ।

उ. कक्षा १-८ कायम रहने विद्यालयमा कक्षा ६-८ मा कम्तिमा ३० जना विद्यार्थीहरु हुनु पर्नेछ ।

ऊ. कक्षा १-१० कायम रहने विद्यालयमा कक्षा ९-१० मा कम्तिमा ४४ जना विद्यार्थीहरु हुनु पर्नेछ ।

ऋ. कक्षा १-१२ कायम रहने विद्यालयमा कक्षा ११-१२ मा कम्तिमा ४४ जना विद्यार्थीहरु हुनु पर्नेछ ।

च. दफा ३.ङ बमोजिम विद्यार्थी नहुने विद्यालयको तह अर्को विद्यालयमा गाभिनेछ ।

छ. माथि जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विद्यालयबाट कक्षा १-३को हकमा आधा घण्टा र कक्षा ४-५ को हकमा १ घण्टाको पैदल दुरीमा सम्बन्धित तह संचालित विद्यालय नरहेको अवस्थामा विद्यार्थी संख्या अपुग रहेता पनि तह समायोजन गरिनेछैन ।भुगोलको कारण समायोजन हुन नसकेको विद्यालयमा कक्षा १-३ मा २ जना र कक्षा १-५ मा ३ जना शिक्षकहरु रहनेछन ।

ज. हाल ३,५,८,१० वा १२ कक्षा सञ्चालन भैनसकेका विद्यालयको हकमा कक्षा ३,५,८,१० वा १२ को एक शैक्षिक शत्र पुरा गरेपछी दफा ३.च बमोजिम हुनेछ ।

# परिच्छेद -३

**दरबन्दीमिलानकाआधारहरू:**

४. शिक्षक कर्मचारी दरबन्दी मिलान सम्बन्धी ब्यवस्था:

**क.** सामुदायिक विद्यालयमा देहाय बमोजिम शिक्षक संख्या रहनेछ:

अ. प्रारम्भिक बालविकास कक्षामा एक जना सहजकर्ता रहनेछ ।

आ. कक्षा १ कायम रहने विद्यालयमा १ जना शिक्षक रहनेछ ।

इ. कक्षा १-३ कायम रहने विद्यालयमा १३५ जनासम्म विद्यार्थी भएमा ४ जना १३५ भन्दा कम विद्यार्थी भएमा ३ जना शिक्षक रहनेछन।

ई. कक्षा १-५ कायम रहने विद्यालयमा १६५ जना सम्म विद्यार्थी भएमा ६ जना ,१६५ भन्दा कम विद्यार्थी भएमा ५ जना शिक्षक रहनेछन।

उ. कक्षा १-८ कायम रहने विद्यालयमा १७६ जनासम्म विद्यार्थी भएमा ९(प्रावि ५,निमावि ४)जना ,१०० जनासम्म विद्यार्थी भएमा ८ (प्रावि ४,निमावि ४)जना ,१००भन्दा कम विद्यार्थी भएमा ७(प्रावि ४,निमावि ३) जना शिक्षक रहनेछन ।

ऊ. कक्षा १-१० कायम रहने विद्यालयमा ४५० जनासम्म विद्यार्थी भएमा १५(प्रावि ६,निमावि ४, मावि ५)जना ,२२० जनासम्म विद्यार्थी भएमा १४(प्रावि ५,निमावि ४, मावि ५)जना ,२२० जना भन्दा कम विद्यार्थी भएमा १३(प्रावि ४,निमावि ४, मावि ५)जना शिक्षक रहनेछन ।

ऋ. कक्षा १-१२ कायम रहने विद्यालयमा थप १ जना मावि शिक्षकको ब्यवस्था गरिनेछ ।

ए. एउटै कक्षामा विद्यार्थी संख्या बढी भई सेक्सन खोल्नुपर्ने अवस्थामा कक्षा १-५ को हकमा ४५, कक्षा ६-८ को ५६ र कक्षा ९-१० को हकमा ६८ को गुणांकमा तहगत रुपमा थप शिक्षकको व्यवस्था गरिनेछ।जस्तै कुनै विद्यालयको कक्षा ९ र १० मा जम्मा ४०० जना विद्यार्थीहरु अध्ययनरत छन भने उक्त विद्यालयलाई $\frac{४००-२*६८}{६८}$=३.८ अर्थात ४ जना( नजिकको पुर्ण अङ्कमा शुन्यान्त) थप शिक्षकको ब्यवस्था गरिनेछ ।

ऐ. दरबन्दी मिलान गर्दा माध्यमिक तहमा नेपाली, अङ्ग्रेजी, गणित वा विज्ञान, सामाजिक र ऐच्छिक विषय तथा निम्न माध्यमिक तहमा नेपाली, अङ्ग्रेजी,गणित वा विज्ञान ,सामाजिक विषयको विषयगत शिक्षकको ब्यवस्था गरिनेछ ।

ऑ. अन्यत्र जेसुकै लेखिएको भएता पनि कुनै विद्यालयमा प्राथमिक तहमा शिक्षक संख्या बढी र निम्न माध्यमिक तहमा अपुग भएमा दरबन्दी मिलानका क्रममा प्राथमिक तह र निम्न माध्यमिक तहका शिक्षकलाई आधारभूत तहको रुपमा एकमुष्ठ गणना गर्न सकिनेछ ।

## परिच्छेद-४

**दरबन्दी मिलान पछि शिक्षक व्यवस्थापनः**

५ . दफा ४.क बमोजिम दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षकहरुलाई नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले शिक्षक दरबन्दी अपुग भएका विद्यालयहरुमा पदस्थापना गर्नेछ।यसरी पदस्थापन गर्दा तोके बमोजिमको विषय मिल्ने गरी गरिनेछ ।

६. निम्न माध्यमिक र माध्यमिक तहमा आवश्यक पर्ने थप शिक्षक व्यवस्थापन गर्न नगर कार्यपालिकाले तल्लो तहमा नगरपालिका अनुदान शिक्षकको रुपमा कार्यरत योग्ता पुगेका शिक्षकको तह उन्नति गर्न तथा थप नगरपालिका अनुदान कोटा सिर्जना गर्न सक्नेछ ।

७. दरबन्दी मिलान पश्चात आवश्यक भन्दा बढी देखिएका नगरपालिका अनुदानमा कार्यरत शिक्षकको पद स्वतः खारेज हुनेछ ।

## परिच्छेद-५

**दरबन्दी मिलानमा सरुवा तथा पदस्थापना सम्बन्धी व्यवस्थाः**

८.दरबन्दी मिलानका लागि गठित कार्यदलले शिक्षक स्थानान्तरणको लागि विद्यालय छनोटका गर्दा उपयुक्तताको आधारमा गर्नेछ ।कार्यदलले पेश गरेको सूचीको आधारमा शिक्षकलाई नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले आवश्यक स्थानमा खटाउनेछ।

९.विद्यालयको कार्य सम्पादन गर्न नसकेका र विद्यालय व्यवस्थापन समितिबाट पटक-पटक गुनासो आएका शिक्षक तथा प्रधानाध्यापकलाई अन्य विद्यालयमा पदस्थापन गरिनेछ।

१०.गाभिने विद्यालयका कर्मचारी तथा प्रारम्भिक बालविकास केन्द्रका सहजकर्तालाई आवश्यकता अनुसारको विद्यालय तथा प्रारम्भिक बालविकास केन्द्रमा पदस्थापन गरिनेछ।

## परिच्छेद-६

**दरबन्दी मिलान कार्यदलको व्यवस्था :**

११ दरबन्दी मिलान सम्बन्धी कार्य गर्न निम्न अनुसारको कार्यदल गठन गरिने छ ।

क. नगर प्रमुख - संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ग. सामाजिक विकास समिति संयोजक -सदस्य

घ.नेपाल शिक्षक महासंघ नगरपालिका अध्यक्ष १ जना -सदस्य

ङ. नगरपालिका भित्र क्रियाशिल शिक्षक संघ-संगठनका पालिका अध्यक्षहरू -सदस्य

च.शिक्षा प्रमुख- सदस्य सचिव

१२.दरबन्दी मिलान कार्यदलको काम कर्तव्य र अधिकारः

क.शिक्षक दरबन्दी मिलान कार्यका लागि विद्यालयगत मौजुदा शिक्षक संख्या,दरबन्दी मिलानपछि कायम हुने थप दरबन्दीका लागि पुग्नुपर्ने न्यूनतम विद्यार्थी संख्या यकिन गर्ने।

ख. गाभिने तथा तह कटौती हुने विद्यालयहरुको सूची तयार गरी नगर शिक्षा समितिमा पेश गर्ने ।

ग.विद्यालयमा तहगत रुपमा शिक्षक दरबन्दी मिलानका लागि खटाइने विद्यालय र शिक्षक नामावली विवरण तयार गरी नगर शिक्षा समितिमा पेस गर्ने।

घ.नगरपालिकाले तोकेका दरबन्दी मिलान सम्बन्धी थप कार्यहरु गर्ने।

ङ.समितिको सचिवालय नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ।

१३ .समितिको सचिवालयका लागि आवश्यक पर्ने बजेट नगर कार्यपालिकाले व्यवस्था गर्नेछ।

## परिच्छेद-७

**विद्यालय मिलान तथा कक्षा थपघट सम्बन्धी व्यवस्थाः**

१४. विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुलाई नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले नजिकको विद्यालयमा मिलान गर्न वा कक्षा घटुवा गर्न सक्नेछ।

१५. विद्यालय मिलान वा कक्षा घटुवा गर्दा उक्त विद्यालयका शिक्षक तथा कर्मचारी दरबन्दीहरु आवश्यकताका आधारमा अन्यत्र विद्यालयमा मिलान गरिनेछ।

## परिच्छेद-८

## बाधा अड्काउ फुकुवा सम्बन्धी  व्यवस्था

१६.यो कार्यविधि कार्यन्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाको बैठकले आवश्यक निर्णय गर्नेछ।

१७.विद्यालयको समायोजन तथा दरबन्दी मिलान पश्चात निशुल्क शिक्षाका लागि विद्यालयहरुलाई नगरपालिकाबाट दिईदै आइएको नगद अनुदान रकमको नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले पुनरावलोकन गर्नेछ ।

आज्ञाले, ………………

प्रमुख प्रशासकीय अधिकृत

प्यूठान नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान ।